नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या:- ६३५ मिति:२०७१/१०/२५

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू र विप्रेषण कम्पनीहरु ।

विषय :- विप्रेषण कारोबारलाई व्यवस्थित गर्ने सम्बन्धी इ.प्रा. परिपत्र संख्या: ६२९ मा संशोधन गर्ने सम्बन्धमा ।

महाशय,

यस बैंकले मिति २०७१/८/१४ मा जारी गरेको इ.प्रा. परिपत्र संख्या: ६२९ को दफा २ को (ग) र (ङ) मा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(ग) बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरुले विप्रेषणका लागि प्रयोग गर्ने विनिमयदरको सम्बन्धमा बैंकहरुले Documents (Others) प्रयोजनका लागि निर्धारण गरेको विनिमयदरबाट फेडान मार्फत औसत खरिद दर तय गरी प्रत्येक दिन विहान १० बजे र दिनको २ बजे रेमिटेन्स विनिमय दरको रुपमा प्रकाशित गर्नु पर्नेछ । सो दरलाई आधार मानी बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरुले विप्रेषण प्रयोजनका लागि समान रुपमा विनिमय दर कायम गर्नु पर्नेछ । यसरी फेडानले दैनिक २ पटक प्रकाशन गर्ने रेमिटान्स विनिमयदर इजाजतपत्र प्राप्त सबै बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरुलाई उपलब्ध गराउनु पर्नेछ । साथै, त्यस्तो विनिमयदरको विवरण फेडानले प्रत्येक दिन विदेशी विनिमय व्यवस्थापन विभागमा समेत पठाउनु पर्नेछ ।

(ङ) बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरुले विदेशबाट प्राप्त विप्रेषण नगदमा भुक्तानी गर्ने प्रचलनलाई न्यूनीकरण गर्दै लैजाने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । बैंक तथा वित्तीय संस्था र इजाजतप्राप्त रेमिटान्स कम्पनीले रु. १ लाखसम्मको विप्रेषणको भुक्तानी नगदमै गर्न सक्ने र सोभन्दा बढी रकम वितरण गर्दा बैंक खाता वा चेक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा नि.वि. महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स संघ, अनामनगर, काठमाण्डौ ।
११. श्री वित्त कम्पनी संघ, काठमाण्डौ ।
१२. श्री नेपाल विप्रेषक संघ,लैनचौर, काठमाण्डौं ।
१३. श्री फरेन एक्चेन्ज एण्ड मनी डिलर्स एशोसिएसन अफ नेपाल, काठमाण्डौं ।